२०७८/१२/१०

श्री सर्वोच्च अदालतमा पेश गरेको
निवेदन पत्रको सारसंक्षेप

विषय : नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम परमादेश लगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ ।

ललितपुर जिल्ला ल.पु.म.न.पा. – १६ बस्ने रुक्शना कपाली समेत ....१ निवेदक

विरुद्ध

संघीय संसद, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं समेत.......१ विपक्षी

हामी निवेदक नियमानुसार लाग्ने निवेदन दस्तुर यसैसाथ संलग्न गरि नेपालको संविधानको धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० बमोजिम निम्नलिखित निवेदन गर्दछौं ।

१. **रिट निवेदनको व्यहोरा :** कुनै व्यक्तिले आफ्नो लैङ्गिक पहिचान अनुसार आफ्नो जन्म दर्ता, शैक्षिक प्रमाणपत्र, नागरिकता प्रमाणपत्र लगायतका वैयक्तिक कागजातहरू संशोधन गरी जन्मँदा इङ्गित गरिएको लैङ्गिकता तथा सो लैङ्गिकताको प्रतिबिम्ब गर्ने नामलाई हटाएर आफ्नो लैङ्गिक पहिचान अनुसारको नाम तथा लैङ्गिक विवरण कायम गर्ने सम्बन्धी कुनै पनि कानूनी व्यवस्था नभएकाले लैङ्गिक पहिचान सहितको परिचय स्थापित गर्नबाट वञ्चित भएको र लैङ्गिक पहिचानसँग सम्बन्धित अन्य थुप्रै मौलिक एवं संवैधानिक हक उल्लंघन, हनन तथा कुण्ठित भएको कारणले हामी निवेदकहरू महिला वा पुरुष मध्ये एक लैङ्गिक पहिचान हुने पारलैङ्गिक व्यक्ति (Transgender person) अर्थात् महिला लैङ्गिक पहिचान हुने पारलैङ्गिक महिला (Trans woman) तथा पुरुष लैङ्गिक पहिचान हुने पारलैङ्गिक पुरुष (Trans man) एवं महिला र पुरुष बाहेकको लैङ्गिक पहिचान हुने गैर-द्वयसांखिक व्यक्ति (Non-binary person) तथा तेस्रोलैङ्गिक व्यक्ति (Third gender person) हरूको साझा समस्याको प्रतिनिधित्व गर्दै आएका भन्ने व्यहोरा ।

२. **संवैधानिक तथा कानूनी प्रश्न :** धारा १२, १६, १७, १८, २८, ३१, ३३, ३५, ३८ र ४७।

३. **माग गरिएको उपचार :** कुनै व्यक्तिले आफ्नो वैयक्तिक कागजात लैङ्गिक पहिचान अनुसार कायम गर्न नाम तथा लैङ्गिक विवरण संशोधन गर्न पाउने अधिकार सुनिश्चित हुने गरी कानून बनाउनू भन्ने परमादेश लगायत अन्य उपयुक्त आदेश । कानून नबनेसम्म यसै अदालतले निर्देशिका जारी गरिपाऊँ । राज्यको निकायमा सहभागिता, छात्रवृत्ति, निजामती सेवा पदपूर्ती तथा चुनावमा पारलैङ्गिक महिलालाई एक स्थान र पारलैङ्गिक पुरुषलाई एक स्थान सुनिश्चित हुने गरी पारलैङ्गिक व्यक्तिहरूलाई न्यूनतम दुई स्थान एवं गैर-द्वयसांखिक तथा तेस्रोलैङ्गिक व्यक्तिहरूलाई न्यूनतम एक स्थान सुनिश्चित हुने गरी आरक्षणको व्यवस्था गर्नू गराउनू भन्ने परमादेश लगायत अन्य उपयुक्त आदेश । लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको विषय हेर्ने मन्त्रालय तथा संसदीय समिति तोक्नू तोकाउनू, राष्ट्रिय लैङ्गिक तथा यौनिक अल्पसंख्यक आयोग गठन गर्नू गराउनू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरू सम्बन्धी बजेट सुनिश्चित गर्नू गराउनू, महिला र पुरुष बाहेकको लैङ्गिकतालाई मैत्रीपूर्ण र समावेशी हुने भाषा र शब्दावलीको विकस गर्नू गराउनू, सबै विभेदकारी कानूनहरू संशोधन गर्नू गराउनू भन्ने परमादेश लगायत अन्य उपयुक्त आदेश ।

सार-संक्षेपिकरण प्रस्तुतकर्ता
रिट निवेदक रुक्शना कपाली

नेपाल संवत् ११४२ साल चौला महिना ११ गते
ईति सम्वत् २०७८ साल चैत महिना १५ गते रोज ३ शुभम् ..................।